# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा

## बाह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।०९।०८)

**आदरणीय शेयरधनी महानुभावहरु :**

यस कम्पनीको मिति २०७६/०९/०७ मा बसेको सञ्चालक समितिको ८४१औं बैठकको निर्णय अनुसार कम्पनीको बाह्रौं वार्षिक साधारणसभा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७६ साल पौष महिना २९ गते मंगलवार (तदनुसार १४, जनवरी २०२०)

समय : दिनको १:०० बजे ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, टुंडिखेल, काठमाडौं ।

**छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा अन्य अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

३. श्री महालेखा परिक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखापरीक्षण समितिको सिफारीस वमोजीम आ.ब.२०७६/७७ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृती लिई आ. व. २०७५/७६ को मुनाफा रकम मध्येबाट प्रति शेयर रु.४५।- (पैतालिस रुपैयाँ) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१. यस कम्पनीको प्रवन्धपत्रको दफा ४ को बुँदा नं.(छ) को २१ मा रहेको प्रावधानलाई देहाय बमोजिम संशोधन गर्ने ।
"कम्पनीमा मौज्दातमा रहेको रकम बैंक तथा वित्तिय कम्पनी, धितोपत्र वा अन्य कम्पनीको शेयर तथा ऋण पूँजीमा लगानी गर्ने, साथै विद्युत र उर्जा उत्पादन, प्रशारण वा वितरण गर्न र Infrastructure Sharing गर्ने प्रयोजन समेतका लागि अन्य सेवा मूलक कम्पनी खोल्ने वा त्यस्ता कम्पनीमा ऋण समेत लगानी गर्ने ।"

२. कम्पनीको नियमावलीको नियम १६ संग सम्वन्धित अनुसूची १ को ५क मा देहाय बमोजिम कायम गर्ने गरी संशोधन गर्ने ।
"रात विताउनु पर्ने गरी नेपाल भित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता वापत दैनिक रु.२,५००।०० (दुई हजार पाँच सय) तथा वास खर्च वापत दैनिक रु.२,०००।०० (दुई हजार) मा नबढ्ने गरी बिल बमोजिमको रकम दिईनेछ ।"

**ग) विविध :**

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव

**कम्पनीको वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी :**

१. कम्पनीको १२औं वार्षिक साधारणसभा प्रयोजनार्थ मिति २०७६ साल पौष १५ गते देखि मिति २०७६ साल पौष २९ गते सम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द गरिने छ । मिति २०७६ पौष १४ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कम्पनीको शेयर रजिष्ट्रर्डको किताबमा कायम भएका शेयरधनीहरूले मात्र सो सभामा भाग लिन तथा आ.ब. २०७५/७६ को नगद लाभांश पाउनेछन् ।

२. वार्षिक साधारणसभामा भागलिन उपस्थित हुने शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) वा शेयर प्रमाणपत्र वा शेयरधनीहरुको BOID statement अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ ।

३. शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिती पुस्तिका सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

४. साधारणसभामा भाग लिन सम्बन्धित शेयरधनी आफै उपस्थित हुन नसक्ने भए प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ र सो सम्बन्धी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात २०७६/०९/२७ गते दिनको १:०० वजे भित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा काठमाण्डौमा दर्ता गरिसक्नुपर्ने छ । एक भन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभाहुने दिन हाजिर पुस्तिका खुल्नु अघि सभास्थलमा आई लिखित सूचना दिनु पर्ने छ ।

६. शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने कम्पनीको बाह्रौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.ntc.net.np मा पनि हेर्न सकिनेछ । कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरूले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा काठमाण्डौंबाट आफ्नो परिचय खुल्ने कागजात पेश गरी लिन सक्नु हुनेछ ।

७. नाबालक वा विक्षीप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

८. विविध शीर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा काठमाण्डौंमा लिखित जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।

९. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले जवाफ दिइनेछ ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू साधारणसभास्थलमा आउँदा झोला, पोका जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

कम्पनी सचिव